नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

( स्थानीय तह समन्वय शाखा )

सिंहदरबार, काठमाण्डौं

नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाण्डौं

फोन नं.-४२००५११/४२००३०४

पत्र संख्या: ०७९/८०

चलानी नं.: १५६

मिति :२०७९/०६/२५

विषय: स्थानीय तहको हिसाब भिडान सम्बन्धमा ।

श्री स्थानीय तह (सबै),

प्रस्तुत विषयमा महालेखा नियन्त्रक कार्यालयको च.नं.२० मिति २०७९/०६/२५ को स्थानीय तहको हिसाब भिडान सम्बन्धी पत्र र सो पत्रसाथ प्राप्त वार्षिक हिसाब भिडान तथा वित्तीय विवरण सम्बन्धी निर्देशन आवश्यक जानकारी एवम् कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

०७९/६/२५

चिरञ्जीवी नेपाल

शाखा अधिकृत

बोधार्थ:

श्री महालेखा नियन्त्रक कार्यालय, अनामनगर ।

श्री सूचना तथा प्रविधि शाखाः website मार्फत जानकारी पठाईदिनु हुन ।

नेपाल सरकार

अर्थ मन्त्रालय

# महालेखा नियन्त्रक कार्यालय

# Financial Comptroller General Office

अन्तर सरकारी वित्त समन्वय शाखा

च.नं. २०

मितिः २०७९/०६/२५

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार ।

विषयः स्थानीय तहको हिसाब भिडान सम्बन्धमा ।

प्रस्तुत विषयमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ दफा ४ बमोजिम स्थानीय तहले आफ्नो कार्यक्षेत्रभित्रका कार्यालयहरुलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने तथा सोही ऐनको दफा ५ बमोजिम संघीय संचित कोष, प्रदेश सञ्चित कोष, स्थानीय सञ्चित कोष तथा अन्य सरकारी कोषको वित्तीय विवरणका आधारमा एकीकृत वित्तीय विवरण तयार गर्ने जिम्मेवारी महालेखा नियन्त्रक कार्यालयको रहेको छ। महालेखा नियन्त्रक कार्यालयको उपरोक्तानुसारको जिम्मेवारी पुरा गर्न अधिकाँश स्थानीय तहबाट प्राप्त गर्नुपर्ने वित्तीय विवरण प्राप्त हुन नसकेको सन्दर्भमा तहां मन्त्रालयबाट सबै स्थानीय तहहरुमा आर्थिक बर्ष २०७८/२०७९को हिसाव भिडान गरी सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) मा लक गर्ने व्यवस्था मिलाउनुहुन भनि आवश्यक निर्देशन तथा समन्वय हुन यस कार्यालयको मिति २०७९/०६/२५ को निर्णयानुसार अनुरोध छ ।

रामकान्त काफ्ले

उप महालेखा नियन्त्रक

अनामनगर, काठमाडौं, फोन नं. ०१-४७७११४०

फ्याक्स नं.- ०१-४७७०३८६, E-mail: info@fcgo.gov.np, Website: www.fcgo.gov.np

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

## वार्षिक हिसाब भिडान तथा वितीय विवरण सम्वन्धी निर्देशन

### क) वित्तीय हस्तान्तरण

- संघ तथा प्रदेशबाट सम्वन्धित स्थानीय तहमा हस्तान्तरणको लागि LMBIS/PLMBIS मा कायम भएको वजेट र SUTRA प्रणालीमा कायम भएको वजेट एउटै भए नभएको यकिन गरी नभएको अवस्थामा एउटै वनाउने।
- संघ तथा प्रदेशबाट सम्वन्धित स्थानीय तहलाई हस्तान्तरण भएको रकम र SUTRA प्रणालीमा कायम भएको प्राप्ति रकम एउटै भए नभएको यकिन गरी नभएको अवस्थामा एउटै वनाउने।
- विनियोजन ऐन, २०७८ को दफा ४ को उपदफा (१२) वमोजिम सशर्त, समपूरक र विशेष अनुदानको रकम सम्वन्धित प्रदेश र स्थानीय तहले सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत आर्थिक बर्ष समाप्त भएको १५ दिनभित्र संघीय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था भएकोले खर्च नभएको रकम यकिन गरी अनुदान फिर्ता खर्च शीर्षक (१५११३)मा फिर्ताको व्यवस्था मिलाउने।
- अनुदान रकम फिर्ता गर्दा असार मसान्तभित्र गरिएको वा आंशिक रकम हस्तान्तरण गरिएको भए वैदेशिक स्रोततर्फको फिर्ता रकम समायोजन गर्ने र रकम वाँकी भएमा नेपाल सरकारको स्रोतमा समायोजन गर्ने।

### ख) आन्तरिक राजस्व

- आन्तरिक राजस्वको आम्दानी ग.१.१ आन्तरिक राजस्व खातामा आम्दानी वाँधी ग.४.१ संचित कोष खातामा ट्रान्सफर गर्नुपर्नेमा सो अनुसार आम्दानी वाँधी ट्रान्सफर गरे/नगरेको यकिन गर्ने ।
- आन्तरिक राजस्व खाताको शीर्षकगत राजस्व रकम र संचित कोष खाताको आन्तरिक राजस्व रकम एउटै वनाउने।

### ग) राजस्व वाँडफाँट

संघ, प्रदेश र स्थानीय तहवाट वाँडफाँट भएको राजस्व (मू.अ.कर, अन्त:शुल्क, रोयल्टी, सवारी साधन कर, विज्ञापन कर, मनोरन्जन कर, घरजग्गा रजिष्ट्रेसन दस्तुर लगायतका वाँडफाँट हुने अन्य राजस्व) रकम स्थानीय तहले सम्वन्धित राजस्व शीर्षकमा आम्दानी वाँधे नवाँधेको रुजु गर्ने र कुनै विवरण छुट भएको वा फरक पर्न गएको रहेछ भने सच्याउने।

सुमन राज अर्याल
महालेखा नियन्त्रक

CamScanner

घ) अन्य अनुदान र वैदेशिक अनुदान

- एक स्थानीय तहबाट अर्को स्थानीय तहलाई प्रदान गरेको अनुदान रकम अन्य अनुदान चालु (१३३१८) र अन्य अनुदान पुंजीगत (१३३१९) शीर्षकमा मात्र आम्दानी बाँध्नुपर्नेमा कतिपय स्थानीय तहले सडक बोर्ड लगायतका निकाय/संस्थाबाट प्राप्त रकमलाई अन्य अनुदानमा आम्दानी जनाएको पाइएको छ। सडक बोर्ड लगायतका निकाय/संस्थाबाट प्राप्त रकमलाई अन्य अनुदानमा आम्दानी नजनाई कार्यसंचालन कोषमा आम्दानी जनाउन व्यवस्था मिलाउने।
- अन्तराष्ट्रिय अन्तरसरकारी संस्थाबाट प्राप्त चालु अनुदान (शीर्षक नं १३२११) र अन्तराष्ट्रिय अन्तरसरकारी संस्थाबाट प्राप्त पुंजीगत अनुदान (शीर्षक नं१३२२१ ) शीर्षकमा स्थानीय तहले विदेशी राष्ट्र वा संस्थासँग आफैले गरेको सम्झौता वापत प्राप्त रकम मात्र आम्दानी बाँध्नुपर्नेमा केही स्थानीय तहले उक्त शीर्षकहरूमा सो वापत प्राप्त रकम बाहेक अन्य रकम समेत आम्दानी जनाइएको पाइएकोले उक्त शीर्षकबाट हटाएर सम्बन्धित शीर्षकमा आम्दानी जनाउने।

ङ) धरौटी, कार्यसञ्चालन कोष र अन्य कोषहरु

- धरौटी खातामा गत वर्षको जिम्मेवारी सारेको, यस आर्थिक वर्षको जम्मा प्राप्ति, फिर्ता र सदर स्याहा रुजु गरी वर्षको अन्त्यमा बाँकी रहेको रकम स्रेस्ताअनुसार र बैंक अनुसार भिडाउने।
- कार्यसञ्चालन कोष र अन्य कोषहरुको विवरण रुजु गर्दा गत वर्षको जिम्मेवारी सारेको, यस आर्थिक वर्षको जम्मा प्राप्ति, खर्च र बाँकी रकम यकिन गरी वर्षको अन्त्यमा बाँकी रहेको रकम स्रेस्ताअनुसार र बैंक अनुसार भिडाउने।

च) बैंक मौज्दात र बैंक स्टेटमेन्ट

- SuTRA मा बैंक मौज्दातको विवरण प्रविष्टि गर्ने ठाँउमा असार मसान्तको मौज्दात प्रविष्टि गर्न लगाउने र बैंक स्टेटमेन्टसँग अनिवार्य रुपमा भिडान गर्ने।
- स्थानीय तहमा खोलिएका "ग" समूहका सम्पूर्ण खाताहरुको मौज्दात रकम सूत्र प्रणालीमा अनिवार्य प्रविष्टि गर्ने।

छ) बैंक खाता शून्य बनाउने

सम्पूर्ण हिसाव भिडानपश्चात् सरकारी कारोवार निर्देशिका, २०७६ वमोजिम शून्य वनाउन भनिएका खाताहरु (विभाज्य कोष खाता र विजोर वर्ष चालु खर्च खाता तथा विजोर वर्ष पुंजीगत खर्च खाता) शून्य बनाउने।

छ) **SUTRA** लक र अनलक

स्थानीय तहको हिसाव रुजु भएपश्चात् सम्वन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयमा रुजु भएको विवरण भिडान गरी लक गर्न लगाउने।

सुमन राज अर्याल
महालेखा नियन्त्रक

CamScanner

ज) अन्य

- सम्पूर्ण हिसाव मिलान गरेपछि म.ले.प.फा.नं. २७२ बमोजिमको प्रतिवेदन समावेश गरी पेस गर्ने।

१५. सम्पर्क शाखा

हिसाव भिडानको सिलसिलामा थप जानकारी आवश्यक भएमा वा कुनै कुरा थप प्रष्ट गर्न आवश्यक परेको खण्डमा निम्न कर्मचारीहरुसँग सम्पर्क गर्ने व्यवस्था मिलाइएको छ।

| तह | सम्पर्क कर्मचारीहरु | सम्बन्धित शाखा |
|---|---|---|
| स्थानीय तह | लेखा अधिकृत पुष्कर पौडेल र शारदा मरासिनी, लेखापाल पवन कुमार महतो र राजेश मल्लाह, क.अ.- दिपेन्द्र पाल, सह-लेखापाल तेजेन्द्र भट्टराई | अन्तरसरकारी वित्त समन्वय शाखा |

सुमन राज अर्याल
महालेखा नियन्त्रक